apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



संसदमा प्रधानमन्त्री बालेन शाहको 'र्‍याप ब्याटल' शैली
समाचार पृष्ठ २

● वर्षः १२ ● अंकः १३४ ● पृष्ठः ४ ● १८ जेठ २०८३ सोमबार (01 June 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## प्लान्ट क्वारेन्टाइन नहुँदा राजश्व असुली प्रभावित

### सिरहा भन्सारको लक्ष्य अधुरो, २०७८ कै निर्णय अझै कार्यान्वयनमा आएन

**शुभ नारायण कामती**
**सिरहा, जेठ १७ गते**




नेपाल-भारत सीमावर्ती व्यापारिक गतिविधिको महत्वपूर्ण केन्द्र मानिने सिरहामा प्लान्ट क्वारेन्टाइन कार्यालय स्थापना नहुँदा राजश्व संकलन प्रभावित भएको छ। २०७८ सालमै मन्त्रिस्तरीय निर्णय भए पनि हालसम्म कार्यान्वयन नहुँदा सिरहा भन्सार कार्यालय, माडरले अपेक्षित राजश्व उठाउन नसकेको जनाएको छ।

सिरहा भन्सार कार्यालय, माडरका सूचना अधिकारी विमल श्रेष्ठका अनुसार प्लान्ट क्वारेन्टाइन अभावकै कारण भारतबाट आयात हुने आलु, प्याज लगायतका कृषि वस्तु व्यावसायिक रूपमा भित्रिन सकेका छैनन्। त्यसले राजश्व असुलीमा प्रत्यक्ष असर परेको उनले बताए।

उनका अनुसार प्लान्ट क्वारेन्टाइन स्थापना गर्न भन्सार कार्यालयले पटक-पटक सम्बन्धित विभाग तथा मन्त्रालयलाई ताकेता गरे पनि आवश्यक पहल हुन सकेको छैन। "यदि प्लान्ट क्वारेन्टाइन स्थापना भयो भने अहिलेको भन्दा दोब्बर-तेब्बर राजश्व असुली हुन सक्छ," सूचना अधिकारी श्रेष्ठले भने।

सिरहा उद्योग वाणिज्य संघका अध्यक्ष अमरनाथ साहले पनि मन्त्रिस्तरीय निर्णय भएको वर्षौं बितिसक्दा समेत कार्यान्वयनमा बेवास्ता गरिएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्।

उनले भने, "२०७८ सालमै मन्त्रिस्तरीय निर्णय भइसकेको विषय कार्यान्वयनमा ल्याउन विभाग तथा सम्बन्धित निकायले गम्भीरता नदेखाउनु दुःखद हो। सीमावर्ती व्यापारलाई व्यवस्थित गर्न र राजश्व वृद्धि गर्न प्लान्ट क्वारेन्टाइन अत्यावश्यक छ। त्यसैले चाँडोभन्दा चाँडो यसको स्थापना हुन जरुरी छ।"

सिरहा भन्सार कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ को ११ महिनासम्म वार्षिक लक्ष्यको करिब ६९ प्रतिशत मात्रै राजश्व संकलन भएको छ।

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार साउन महिनामा एक करोड ४३ लाख ६० हजार रुपैयाँ लक्ष्य रहेकामा ९० लाख ७६ हजार रुपैयाँ अर्थात ६३ प्रतिशत राजश्व असुली भएको थियो। भदौमा एक करोड ५४ लाख २९ हजार लक्ष्य रहेकामा एक करोड ५० हजार रुपैयाँ अर्थात ६५ प्रतिशत राजश्व संकलन भएको छ।

त्यस्तै असोजमा लक्ष्यको ८५ प्रतिशत, कात्तिकमा ४६ प्रतिशत तथा मंसिरमा ८१ प्रतिशत राजश्व उठेको कार्यालयले जनाएको छ। पुसमा ७७ प्रतिशत, माघमा ७१ प्रतिशत तथा

बाँकी पृष्ठ ३ ▸▸

## आगामी वर्षको बजेट उत्पादनमुखी बनाउँछौँः मुख्यमन्त्री यादव

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ १७ गते**



मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रदेशको आवश्यकता, जनअपेक्षा र विकासका प्राथमिकतालाई केन्द्रमा राखेर तर्जुमा गरिने बताएका छन्।

अर्थ मन्त्रालयद्वारा आइतबार जनकपुरधाममा आयोजित 'मधेश प्रदेशको आगामी आवको बजेट तर्जुमा' सम्बन्धी अन्तरक्रिया उनले प्रदेश सरकारले सीमित स्रोतसाधनका बाबजुद आर्थिक विकास, रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा पूर्वाधार विकासलाई केन्द्रमा राखेर बजेट निर्माणको तयारी गरिरहेको उल्लेख गरे।

उनले प्रदेश सरकारको लक्ष्य समृद्ध, आत्मनिर्भर र विकासोन्मुख मधेश निर्माण गर्नु रहेको उल्लेख गर्दै बजेटलाई केवल खर्च गर्ने माध्यमका रूपमा नभई आर्थिक तथा सामाजिक रूपान्तरणको आधारका रूपमा प्रयोग गरिने बताए। प्रदेशको आर्थिक अवस्था, उपलब्ध राजस्व, सङ्घीय सरकारबाट

बाँकी पृष्ठ २ ▸▸

## ओभरपास निर्माणको ढिलाइले मिर्चैयाको व्यापार संकटमा, एक वर्षमै दर्जनौं पसल बन्द

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १७ गते**



राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाइएको कमला-कञ्चनपुर चार लेन सडक विस्तार तथा मिर्चैया ओभरपास निर्माण कार्यको ढिलाइले सिरहाको प्रमुख व्यापारिक केन्द्र मिर्चैयाको अर्थतन्त्र गम्भीर संकटमा परेको छ। वर्षौंदेखि निर्माणाधीन अवस्थामा रहेको परियोजना अपेक्षित गतिमा अघि बढ्न नसक्दा स्थानीय व्यवसायी, सर्वसाधारण र यातायात प्रयोगकर्ताहरू प्रत्यक्ष रूपमा प्रभावित बनेका छन्।

पूर्व-पश्चिम महेन्द्र राजमार्गअन्तर्गत कमला पुलदेखि सप्तरीको कञ्चनपुरसम्म सडकलाई चार लेनमा विस्तार गर्ने योजना अन्तर्गत मिर्चैयामा ओभरपास निर्माण भइरहेको छ। निर्माणको जिम्मा पाएको चाइना रेलवे नम्बर-२ इन्जिनियरिङ ग्रुपले काम गरिरहेको भए पनि विभिन्न कारण देखाउँदै पटक-पटक म्याद थपिँदा आयोजना अझै अधुरै छ। यसले बजार क्षेत्रको दैनिक जनजीवन र व्यापारिक गतिविधिमा गम्भीर असर पारेको स्थानीयको गुनासो छ।

निर्माण कार्यका कारण सडक साँघुरो बनेको छ। कतै धुलो उड्ने, कतै हिलो जम्ने तथा सवारी आवागमन अव्यवस्थित हुँदा मिर्चैया बजारको आकर्षण घट्दै गएको व्यवसायीहरू बताउँछन्। बाहिरबाट आउने ग्राहक

बाँकी पृष्ठ ३ ▸▸

## सामाजिक सञ्जालमार्फत 'ग्याङ्ग संस्कृति' फैलाउने २५ युवा पक्राउ

### विशेष अपरेसन, २१ मोटरसाइकल नियन्त्रणमा, लागूऔषध प्रयोग र सार्वजनिक सुरक्षा चुनौतीबारे अनुसन्धान जारी

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १७ गते**



सामाजिक सञ्जालमार्फत विभिन्न ग्याङ्ग तथा समूहको नाम प्रयोग गर्दै समाजमा आतंक, असुरक्षा र त्रासको वातावरण सिर्जना गर्ने गतिविधिमा संलग्न २५ जना युवालाई सिरहा प्रहरीले नियन्त्रणमा लिएको छ। उनीहरूको साथबाट २१ थान मोटरसाइकल समेत बरामद गरिएको छ।

सिरहा-चोहर्वा सडकखण्डमा सञ्चालन गरिएको विशेष सुरक्षा अपरेसनका क्रममा ती युवाहरूलाई नियन्त्रणमा लिइएको हो। प्रहरीका अनुसार उनीहरूले "King of Balan", "King of Bhagwanpur", "King of Lahan", "Killers Brother" लगायतका नाममा टिकटक, फेसबुक तथा अन्य सामाजिक सञ्जालमा समूह र अकाउन्ट सञ्चालन गर्दै आएका थिए। ती प्लेटफर्ममार्फत गालीगलौज, धम्कीपूर्ण अभिव्यक्ति, शक्ति प्रदर्शन तथा उक्साहटपूर्ण सामग्री सार्वजनिक गरेर समाजमा त्रास फैलाउने प्रयास भइरहेको प्रहरीको निष्कर्ष छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता रमेशबहादुर पालका अनुसार नियन्त्रणमा परेका युवाहरू सामूहिक रूपमा मोटरसाइकल र्‍यालीजस्तै गरी ट्राफिक नियमको खुला उल्लङ्घन गर्दै सिरहा सदरमुकामतर्फ गइरहेका

बाँकी पृष्ठ ४ ▸▸

**बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं।**

- सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं।
- जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खानेकुरा घटाऔं।
- नियमित खोप लगाऔं, स्वास्थ्य जाँच समयमै गराऔं।
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं।
- हातधुन र सरसफाइ गर्न सिकाऔं।
- पर्याप्त निद्रा र दैनिक खेलकुद/व्यायाममा प्रोत्साहन गरौं।
- मोबाइल/स्क्रिन समय सीमित गरौं।
- मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं।

**स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**






१८ जेठ ०८३ सोमबार
www.apandainik.com
अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### नयाँ कमला पुल बनाउ

हुलाकी राजमार्ग जोड्न कमला नदीमा पक्की पुल अनिवार्य छ। कमला नदीमा पक्की पुल नबनेसम्म हुलाकी राजमार्गको सडक सञ्जाल जोडिन सकिदैन्। विगत १५ वर्षदेखि बन्दै गरेको पुल कमजोर भईसकेको छ। २०७८ मा आएको समान्य वाढीले नै पुलको दुई वटा पायर भाँसिन पुग्यो। जसले गर्दा पुल कमजोर धरातलमा निर्माण थालिएको कुरालाई प्रष्ट पारिसकेको छ। त्यसैले कमला नदीमा हुलाकी राजमार्गको सडक सञ्जाल स्थापित गर्न पक्की पुल ...नयाँ' बनाउनुको अर्को विकल्प छैन्। विगतमा कयौं सरकार आए र सरकामा आबद्ध दलका नेतादेखि मन्त्री र प्रधानमन्त्री तहबाट सार्वजनिक रुपमा नै प्रतिबद्धता व्यक्त भईसक्दा पनि कमला नदीमा पक्की पुल वेवास्तामा किन परेको भन्ने कुरा गम्भीर छ। यसमा केन्द्रिय सरकारको वेवास्ता त छदैछ, प्रदेश सरकारले पनि लिएर अपनत्वलाई कार्यान्वयनमा लैजान पन्छिदै गएको छ।

करिब डेढ दशकदेखि अलपत्र रहेको यो पुलले लाखौं नागरिकको दैनिक जीवन, व्यापार, शिक्षा, स्वास्थ्य र समग्र क्षेत्रीय विकासमा प्रत्यक्ष प्रभाव पार्दै आएको छ। आगामी आर्थिक वर्ष २०८३/०८४ को संघीय बजेट सार्वजनिक हुँदा मधेशका नागरिकले कमला पुल निर्माणका पर्याप्त बजेटको अपेक्षा गरेका थिए। तर बजेट वक्तव्यमा हुलाकी राजमार्ग अन्तर्गत आठवटा पुल निर्माणका लागि रकम विनियोजन गरिएको उल्लेख भए पनि कमला पुलको नाम नै नसमेटिनुले स्थानीयवासीमा निराशा र आक्रोश पैदा गरेको छ। वर्षौंदेखि विभिन्न सरकार र राजनीतिक दलहरूले पुल निर्माणलाई प्राथमिकतामा राख्ने आश्वासन दिँदै आए पनि व्यवहारमा त्यसको अनुभूति हुन सकेको छैन्।

२०७८ सालको बाढीले निर्माणको अन्तिम चरणमा पुगेको पुलमा क्षति पुऱ्याएपछि आयोजना नै अलपत्र पर्यो। जेनतेन अहिले सुस्त गतिमा काम त भईरहेको छ। तर यो पुल कमजोर धरातलमा छ। जसले गर्दा भोलीका दिनमा थप दुर्घटनाको जोखिम वढाउन सक्ने सम्भावना रहेको छ। त्यसैले संघीय सरकारले कमला पुलको नाम किटान गरी बजेट नछुट्याउँदा संघर्षमा उत्रिनुको विकल्प पनि छैन्। अब प्रदेश सरकारलाई नै जिम्मेवार बनाउनु पर्छ। यसका निम्ति प्रदेश सभा घेराउ गरी अगामी आर्थिक वर्षको बजेटमा कमला पुल नयाँ निर्माण गर्ने गरी बजेट विनियोजन गरिनुपर्छ। प्रदेश सरकारले यसअघि आमरन अनसनमा रहेका आन्दोलनरत पक्षसँग नयाँ पुल निर्माणका विषयमा लिखित प्रतिबद्धता जनाएकाले अब प्रदेश सरकारमाथि पनि दबाब बढाउनु स्वाभाविक हो। कमला पुल मधेशका नागरिकको जीवनस्तर र अर्थतन्त्रसँग प्रत्यक्ष सम्बन्ध राख्छन्। प्रदेश सरकारले स्पष्ट रुपमा पर्याप्त बजेट दिएर कमला पुल बनाउने आधार तय गर्नुपर्छ।

### आगामी वर्षको बजेट उत्पादनमुखी .............

प्राप्त हुने वित्तीय हस्तान्तरण तथा विकासका चुनौतीलाई मध्यनजर गर्दै यथार्थपरक बजेट ल्याइने उनको भनाइ थियो।

मुख्यमन्त्री यादवले सरोकारवाला निकाय, निजी क्षेत्र, विकासविद्, नागरिक समाज, स्थानीय तह तथा जनप्रतिनिधिबाट प्राप्त सुझावलाई समेटेर आगामी आवको नीति तथा कार्यक्रम निर्माण गरिने बताए।

अर्थमन्त्री युवराज भट्टराईले आगामी आवको बजेटलाई उत्पादनमुखी, जनमुखी, उत्तरदायी र परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गरे।

उनले बजेट निर्माणका क्रममा प्राप्त भएका सुझावलाई गम्भीरतापूर्वक अध्ययन गरी सम्भव भएसम्म समेटिने बताए। प्रदेशको आर्थिक अनुशासन कायम राख्दै विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा सरकार अघि बढिरहेको उनले उल्लेख गरे।

अपन दैनिक
- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

# संसदमा प्रधानमन्त्री बालेन शाहको 'र्‍याप ब्याटल' शैली



अपन दैनिक संवाददाता
सिरहा, जेठ १७ गते

प्रतिनिधिसभा बैठकमा आइतबार प्रधानमन्त्री बालेन शाहसँग 'र्‍याप ब्याटल' शैलीमा प्रश्नोत्तर भएको छ।

आइतबार दिउँसो १ बजेको बैठक सुरू भएलगत्तै प्रधानमन्त्री शाहले आफ्नो स्थानबाट उठेर सभामुख डोलप्रसाद अर्यालसँग समय मागेका थिए।

प्रधानमन्त्रीले समय मागेपछि सभामुख अर्यालले प्रतिनिधिसभाको कार्यव्यवस्था परामर्श शाखाका प्रमुख एकराम गिरीसँग सल्लाह लिए। त्यसपछि सभामुख अर्यालले प्रधानमन्त्री शाहलाई रोस्ट्रम प्रयोग गर्न अनुमति दिए।

विगतमा प्रधानमन्त्रीले संसदमा बोल्न चाहे सभामुखलाई पूर्वजानकारी दिने प्रचलन थियो। तर प्रधानमन्त्रीले एकाएक समय मागेपछि सभामुख अर्याल नै अलमलमा परेका थिए।

सामान्यतया संसदमा प्रधानमन्त्रीले जुनसुकै बेला बोल्न पाउँछन्। प्रधानमन्त्री संसदको नेता भएकाले मागेको समय र मागे जति अवधि बोल्न दिइन्छ। प्रधानमन्त्रीले चाहेका बेला संसदलाई सम्बोधन पनि गर्न सक्छन्। प्रतिनिधिसभामा उठेका विषयमा जबाफ दिन सक्छन्।

तर रोस्ट्रममा पुगेपछि प्रधानमन्त्री शाहले सभामुखलाई संसदमा प्रश्नोत्तर सञ्चालन गर्न आग्रह गरे।

संसद बैठक सभामुखले सञ्चालन गर्ने भए पनि प्रधानमन्त्री शाहले मीठो भाषामा सभामुखलाई नै आफूले चाहेको शैलीमा बैठक अघि बढाउन बाध्य पारे।

'माननीय सदस्यज्यूहरूले धेरै दिनदेखि प्रश्न सोध्न खोज्नुभएको रहेछ। त्यसका निम्ति समय दिन हजुरलाई अनुरोध गर्न चाहन्छु', प्रधानमन्त्री शाहले रोस्ट्रमबाट भने।

प्रधानमन्त्रीले एक्कासि प्रश्नोत्तर कार्यक्रम सञ्चालन गर्न आग्रह गरेपछि सभामुख फेरि असमञ्जमा परे। केही बेरपछि सभामुखले प्रधानमन्त्रीलाई दलगत रूपमा प्रश्न सोध्न सांसदहरूलाई आग्रह गरे।

'प्रधानमन्त्रीले लामो समयदेखि प्रश्न गर्न पाउनुपर्छ र प्रधानमन्त्रीबाट जबाफ दिनुपर्छ भन्ने निरन्तरको मागलाई सम्बोधन गर्दै आइतबार नै प्रश्नको उत्तर दिन तयार रहेको रोस्ट्रमबाट उद्घोष गर्नुभएकाले म दलगत रूपमा एउटा-एउटा प्रश्न सोध्न समय निर्धारण गर्छु, सभामुखले भने।

सभामुखले एकाएक प्रधानमन्त्रीले चाहे जसरी बैठकअघि बढाएपछि नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलालले प्रश्न उठाए। उनले संविधान र नियमावली मिचिएकोमा ध्यानाकर्षण गरेका थिए।

'प्रधानमन्त्रीबाट नियमावली मिचिनु दुःखद हो। उनले नियमावलीको ५६ (१) मा प्रश्न सोध्ने व्यवस्था छ, जसमा समूह विभाजन गरिन्छ। तीन दिनअघि लिखित प्रश्न दिने र उपस्थित भएको दिन एक घन्टा प्रश्नोत्तर राख्ने कार्यक्रम भएकाले नियमावली मिचिएको कुरा दुःखका साथ दर्ज गर्न चाहन्छु', उनले भने।

नेकपा एमालेका प्रमुख सचेतक ऐन महरले प्रधानमन्त्रीले सदनलाई सम्बोधन गर्न चाहेकोमा धन्यवाद दिए। साथै नियमापत्ति पनि दर्ज गराए।

'हामी संविधान र नियमावलीमाथि कोही छैनौं। सभामुख पनि हुनुहुन्न। प्रधानमन्त्री पनि हुनुहुन्न। हामी पनि छैनौं। नियमावलीमा तीन दिनअघि प्रश्न दर्ज गर्ने र १५ जनाले प्रश्न सोध्ने व्यवस्था छ। माननीयहरूको लिखित प्रश्न लिइयोस् र लिखित प्रश्नको जबाफ दिनेमा ध्यान दिनुहोस्,' उनले भने।

तर सभामुख डोलप्रसाद अर्यालले विपक्षीहरूसँग प्रश्न तयारी नै होला भन्दै प्रश्नोत्तर अघि बढाउन आग्रह गरे।

'नियमावलीले तीन दिन अगावै प्रश्न लिखित रूपमा सोध्नुपर्ने निर्धारण गरेको छैन' सभामुख अर्यालले नियमावलीमै भएको व्यवस्था अनदेखा गर्दै भने, 'हामी प्रश्नोत्तर तिर जाऔं।'

प्रतिनिधिसभा नियमावलीको नियम ५८ मा प्रधानमन्त्रीसँगको लिखित प्रश्नोत्तरका लागि तीन दिनअघि प्रश्न टिपाउने व्यवस्था छ।

त्यसअघि बैठकलाई प्रधानमन्त्रीसँग प्रश्नोत्तर हुने दिन सभामुखले नै निर्धारण गर्नुपर्ने भनेको छ।

साथै नियमावलीको नियम ५६ को ५ ले १५ जना सांसदले एक पटकमा प्रधानमन्त्रीलाई प्रश्न सोध्न पाउने व्यवस्था गरेको छ। तर सभामुख अर्यालले दलगत रूपमा प्रश्न सोध्न लगाए।

नियमावलीमै भएको १५ जना सांसदले प्रश्न सोध्ने व्यवस्था अनदेखा गर्दै उनले घोषणा गरे, 'कुनै नियमावलीमा १५ जनाले प्रश्न सोध्न पाउने भन्ने छैन।'

यसमा रास्वपाका सांसदहरूले टेबल बजाए।

नियमावलीको व्यवस्थाबारे पूर्वउपसभामुख समेत रहकी रास्वपा सांसद इन्दिरा रानामगरले स्पष्ट पार्न खोजेकी थिइन्। तर सभामुख अर्यालले 'क्लियर गर्नु परेन' भन्दै समय दिएनन्। त्यसपछि प्रश्नोत्तर सुरू भयो।

नेपाली कांग्रेसका सांसद अर्जुननर सिंह केसीले नाटकीय शैलीमा समय मागेको भए पनि विकसित देशहरूमा पनि प्रधानमन्त्रीले त्यस्तो गर्ने भन्दै सकारात्मक रुपमा लिए।

'नियमावलीको प्रक्रिया बाइपास गर्न मिल्दैन तर समसामयिक विषयमा के धारणा छ भनेर उभिनु राम्रै हो', प्रतिनिधिसभामा हाल रहेकामध्ये सबभन्दा पुराना र अनुभवी सांसद केसीले भने।

केसीले प्रधानमन्त्रीलाई 'भदौ २४ गतेको विध्वंसात्मक कार्यको छानबिन गर्न आयोग गठन गर्न माग गरे। साथै मानवअधिकार आयोगको प्रतिवेदन कार्यान्वयन गर्न अनुरोध गरे।'

उनले 'रूल बाइ ल' देखिन थालेको भन्दै दायित्व बुझाउन आग्रह गरे। सभामुख अर्यालले 'प्रधानमन्त्रीले नै प्रश्न सोधियोस् भन्ने चाहेको भनी प्रस्टीकरण दिए।

त्यसपछि प्रधानमन्त्री शाहले आजसम्म नेपाल सरकारलाई बुझाएको प्रतिवेदन एकमुष्ठ अध्ययन गर्ने बताए। अनि केसीले उठाएको विषयलाई सुझावका रूपमा लिएको उल्लेख गरे।

नेकपा एमालेकी संसदीय दल उपनेता पद्मा अर्यालले लिपुलेकबाट भारत र चीनले व्यापारिक मार्ग निर्धारण गर्ने काम भएकोमा नेपाल सरकारको ध्यानाकर्षण माग गरिन्।

यसमा प्रधानमन्त्री शाहले लिपुलेक र लिम्पियाधुराको विषयमा नेपाल सरकारले डिप्लोमेटिक नोट पठाएको र जबाफ आएको बताए।

'जबाफमा दुवै देशले इतिहासविद् र सर्भेयिर राखेर टेबल टक गर्ने कुरा भएको छ', प्रधानमन्त्री शाहले भने, 'यस सम्बन्धमा हामीले भारत र चीन मात्र नभएर बेलायत सरकारसँग पनि कुरा गरेका छौं। ब्रिटिस इन्डिया छाड्दाखेरिको बेलायतले पनि सरोकार राख्नुपर्छ। यो सबै टेबल टक गरेर डिप्लोमेटिक हिसाबले टुंग्याउने जानकारी गराउने कुरा हो।'

प्रधानमन्त्री शाहसँग संसदमा एक्कासि प्रश्नोत्तर हुन थालेपछि विपक्षी दलका सांसदहरू के प्रश्न सोध्ने भन्ने अलमलमा परेको देखिन्थ्यो।

कांग्रेस र एमालेले प्रधानमन्त्रीलाई एउटा एउटा मात्र प्रश्न सोधेका थिए।

नेपाली कम्युनिस्ट पार्टीका सांसद प्रमेश हमालले त प्रश्न सोध्न तयारी नै नपुगेको बताएका थिए।

'हाम्रो तयारी पुगेको छैन। सम्माननीयज्यू आइहाल्नुभयो। प्रश्न माग गर्नुभयो। त्यो अनुसार प्रश्न राख्नुभएको जिम्मेवारीबोध भएको छ,' उनले भने।

हमालले नेपाल अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति हुन रोक्नुको कारणबारे जिज्ञासा राखे।

'हामी अतिकम विकशित राष्ट्रबाट स्तरोन्नतिका लागि तयार हुनुपर्छ भने ध्यानाकर्षण गराउँछु', हमालले भने, 'अर्को कुरा प्रधानमन्त्री गरिबप्रति संवदेशील हुनुहुन्छ। त्यसका लागि गीत पनि गाउनुभएको छ। अहिले जुन किसिमको सकुम्बासीबारे डिल गर्न खोजिएको तरिका सही भएन। उपयुक्त रणनीति तयार पार्नुपर्थ्यो। अहिलेको बजेट निम्न मध्यमवर्गीय र निम्नवर्गीयमुखी बन्न सकेन। प्रधानमन्त्रीको सोच के छ ?' उनको भनाइ थियो।

जबाफमा प्रधानमन्त्री शाहले चीनले पनि केही समयअघि मात्र विकासशीलबाट विकसितमा गएको बताए।

'जबकि चीन विकासको पराकाष्ठा नाघिसकेको देश हो', शाहले भने, 'यस्ता कुरा सरकारले रणनीतिक हिसाबले सोच्नुपर्छ। हामीले निर्यात गर्ने विषयमा कर छुट पाइन्छ। हामीले विभिन्न देशमा निर्यात गर्न पाऊँ भनेर टारेका हौं। आत्मविश्वास बढाउनेभन्दा देशलाई पैसा चाहिएको छ। पैसा बढाउनेमा हाम्रो ध्यान गएको छ,' उनले भने।

गरिब, विपन्नका लागि आफूले महानगरमा हुँदा काम गरेको उनको भनाइ छ।

निजी शिक्षण संस्थामा १० प्रतिशत सिट विपन्नलाई दिलाएको र महँगा कलेजमा पढ्न पाएको उनले बताए।

'साँच्चिकै समाजवाद भनेको त्यो हो', शाहले भने, 'विभिन्न महँगा अस्पतालहरूमा हाम्रो ऐन कानुन अनुसार १० प्रतिशत बेड विपन्नलाई दिनुपर्छ भन्नेमा वेबसाइट बनाएर सर्जरी गराउनेसम्म गरेका थियौं। समाजवाद, साम्यवाद भनेको त्यही हो। यही शिक्षा र स्वास्थ्य देशैभरी लागू गर्न खोज्दैछौं,' उनले भने।

त्यसपछि श्रम संस्कृति पार्टीका आरेन राईले सिलसिलाबद्ध प्रश्न राखे।

'सुकुम्बासीको व्यवस्थापन सामाजिक सञ्जालमा हुन्छ कि व्यवहारमा हुन्छ ? कहिलेसम्म हुन्छ ?', राईले भने, 'जिबी राई कहिले पक्राउ हुन्छ, जेनजी आन्दोलनमा मावनअधिकार आयोगले तयार पारेको प्रतिवेदन छानबिन

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** समय शुभ रहनेछ, आम्दानीका नयाँ स्रोत थपिँदै जानेछन्। नयाँ-नयाँ कार्ययोजना बनाउँदा लाभ पाइने छ।

**बृष :** समय मध्यम खालको छ। आज ठूलो लगानी गर्नु जोखिमपूर्ण छ।

**मिथुन :** समय शुभ तथा स्वास्थ्य भरपर्दो रहनेछैन। जताबाट पनि तपाईलाई समय राम्रो छैन।

**कर्कट :** समय भरपर्दो छैन। सरकारी कार्यालयबाट काम बन्ने छैन। स्वास्थ्य पनि भरपर्दो नरहला।

**सिंह :** स्वास्थ्य ठीकठाक रहनेछ। मानसिक प्रशन्नता, मान, प्रतिष्ठा मिल्नेछ।

**कन्या :** समय शुभ छ, स्वास्थ्य भरपर्दो रहनेछ। मनमा फूर्ति र उत्साह बढेकै हुनेछ।

**तुला :** साना-साना कुरामा पनि शंका र चिन्ता गर्ने देखिन्छ। जहाँ नजानु पर्ने हो बाध्यताले जानै पर्ने समय छ।

**वृश्चिक :** आज स्वास्थ्यमा समस्या आउन सक्छ। खाने पिउने मामलामा ज्यादै ख्याल गर्नु होला।

**धनु :** स्वास्थ्यमा सुधार आउनेछ। परिश्रम अनुसारको हात पर्ने समय रहेको छ।

**मकर :** विना कामका चिन्ताले सताउनेछन्। आफन्तै व्यक्तिहरूसंग झगडा पर्न सक्नेछ।

**कुम्भ :** समय अत्यन्तै शुभ छ। लगानी आज गर्नुभयो भने राम्रो हुनेछ।

**मीन :** स्वास्थ्य पनि भरपर्दो रहनेछैन। यत्रामा समेत झमेला हुन सक्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
१८ जेठ ०८३ सोमबार
www.apandainik.com


# घाटैघाटामा रेल्वे

अपन दैनिक संवाददाता
जनकपुरधाम, जेठ १७ गते



संघीय सरकारले नयाँ बजेटमा रेल्वेलाई विस्तार गरी फास्ट ट्र्याकसम्म जोड्ने योजना उल्लेख गरे पनि नेपाल रेल्वे हालसम्म घाटामै सञ्चालन हुँदै आएको छ। उचित मर्मत-सम्भार केन्द्रको अभाव र टिकट बिक्रीबाट मात्र आम्दानी हुने अवस्थाका कारण रेल्वे घाटामा गएको हो।

आम्दानीभन्दा सञ्चालन खर्च बढी भएकाले रेल्वे निरन्तर घाटामा रहेको नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको मधेश प्रदेशको आर्थिक गतिविधि अध्ययन तथा वार्षिक प्रतिवेदन २०८२/८३ मा उल्लेख गरिएको छ।

प्रतिवेदनअनुसार जयनगर-कुर्था-बिजलपुरा रेल सेवाको दीगो तथा प्रभावकारी सञ्चालनका लागि आवश्यक मर्मत केन्द्र, वर्कशप, इन्धन भण्डारण, रेल धुने स्थान, सिग्नल प्रणाली तथा दक्ष नेपाली प्राविधिक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ। यस्ता पूर्वाधार र व्यवस्थापन सुदृढ गर्न सके रेल्वेको घाटा कम गर्न सकिने प्रतिवेदनमा उल्लेख छ।

नेपाल रेल्वे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने जयनगर-जनकपुर-भंगहा रेल्वेको भौतिक पूर्वाधार निर्माण सम्पन्न भई भंगहासम्म रेल सेवा सञ्चालनमा आएको छ। हाल भंगहा-जयनगर दैनिक एक पटक तथा जनकपुर-जयनगर दैनिक तीन पटक रेल सेवा सञ्चालन हुँदै आएको छ।

भारत सरकारको पूर्ण लगानीमा

बाँकी पृष्ठ ४ ▸▸

## संसदमा प्रधानमन्त्री बालेन शाहको ..............

कहिलेसम्म परिणाममा देख्न सक्छौं। कालापानी, लिपुलेक, लिम्पियाधुराको समस्या निकै लामो समयदेखि चल्दै आएको छ। सीमा कहिले जोगाउने ?' उनले भने।

उनले बाँदर व्यवस्थापनको विषय पनि उठाए। राईले सोधे, 'बाँदर व्यवस्थापन कहिले हुन्छ। यो लाखौं किसानसँग जोडिएको कुरा छ।'

उनले प्रश्नसँगै सभामुखलाई १५ जनाले प्रश्न सोध्ने व्यवस्था कार्यान्वयनका लागि पनि ध्यानाकर्षण गराए।

प्रधानमन्त्री शाहले काठमाडौं उपत्यकाको खोला किनारामा रहेका जोखिमपूर्ण स्थानमा बसेका सुकुम्बासीलाई सारिएको बताए। 'हेर्दाखेरि खेदाएको जस्तो देखिए पनि म स्थानीय सरकारमा हुँदा नै संघ सरकारलाई स्थानान्तरण गरेर होल्डिङ सेन्टमा राखेर देशमा एकधुर जग्गा नहुनेलाई जग्गाको व्यवस्था गर्नुपर्छ। यो हाम्रो पार्टी र सरकारको मान्यता हो', शाहले भने, 'त्यो उहाँहरूले पाउनैपर्छ।'

उनले उपत्यकामा बाढीबाट डुबानमा पर्ने र सुकुम्बासीहरू बसेको ठाउँमा स्वास्थ्यको पनि जोखिम रहेको बताए। ट्वाइलेटको निकास खोलामा भएको र त्यही दुर्गन्धले बिरामी पर्ने अवस्था रहेको उनले बताए।

शाहले त्यसपछि लिपुलेक र लिम्पियाधुराको विषयमा सोधिएको प्रश्नमा टिप्पणी गरे।

'तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला। मैले पनि प्रधानमन्त्री भएपछि थाहा पाएँ। भारतले नेपालको जग्गा मात्र होइन नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ', प्रधानमन्त्री शाहले भने, 'यो कुरा अस्ति भर्खर थाहा भयो। त्यसैले दुवै देशले अध्ययन गरेर। हामीले मिचेका छौं, उहाँहरूले मिच्नुभएको छ। बसेर साथीका रूपमा समाधान गर्ने सोच राखेका छौं।'

उनले सहकारी पीडितलाई पैसा फिर्ता गर्दा सहकारीबाटै उठाएर बाँड्ने बताए।

प्रधानमन्त्रीले अन्य दुई प्रश्नको जबाफ दिन खोजेका थिएनन्। तर सभामुख अर्यालले सम्झाए। मानवअधिकार आयोगको प्रतिवेदन कार्यान्वयन र बाँदर व्यवस्थापनको विषय सम्झाए।

प्रधानमन्त्री शाहले मानवअधिकार आयोगको प्रतिवेदन आधिकारिक रुपमा प्राप्त नगरेको बताए। उनले २९ पेजको खण्ड आएको भए पनि १० हजार पेजको भएकाले प्राप्त गरेपछि सार्वजनिक गर्ने बताए।

उनले बाँदर व्यस्थापनबारे अध्ययन भइरहेको उल्लेख गर्दै तुरून्तै गर्न नसकिने विषय भएको बताए। 'हामी हत्या हिसांमा नजाऔं। समिति गठन भएको छ। त्यसको अध्ययन रिपोर्ट अनुसार सरकाले काम गर्नेछ', शाहले भने।

राप्रपाकी सांसद खश्बु ओलीले भिजिट भिसाको नाममा विदेश लैजाने र श्रम शोषण तथा मानव बेचबिखन भइरहेको बताइन्।

'भिजिट भिसाका नाममा अवैध श्रम आप्रवासन र मानव तस्करी नियन्त्रण गर्न के ठोस योजना छ', ओलीले प्रश्न सोधिन्, 'अघिल्लो पटक (रास्वपाले) भिजिट भिसा प्रकरण उठाउनुभएको थियो। अहिलेको योजना के छ ?'

उनले विद्युतमा लगाइएको भ्याटबारे पनि प्रश्न सोधिन्।

जबाफमा शाहले भिजिट भिसा दुरूपयोगबारे कडा निर्देशन दिइएको बताए।

'भिजिट भिसामा गएर काम गर्न सके उतै बसेर पनि कामदार भिसामा परिवर्तन गर्न सकिन्छ। यसको व्यवस्थापनका लागि काम गरिरहेको छ', शाहले भने, 'थप जानकारी चाहिए श्रममन्त्रीसँग लिन सकिन्छ।'

प्रधानमन्त्री शाहले देशभर अहिले नै खाना पकाउन इन्डक्सन प्रयोग गर्न सक्ने अवस्था नरहेको बताए। त्यस्तो अवस्थामा देशमा भएका सबै ट्रान्सफर्मर र सबस्टेसन पड्किने भएकाले अपग्रेड गर्न ५ रूपैयाँ भ्याट लगाइएको बताए।

'सय रूपैयाँमा ५ रुपैयाँ भनेको धेरै होइन। त्यो पैसा देशभरको ट्रान्सफर्मर अपग्रेड गर्नुपर्छ। ट्रान्समिसन लाइनको मोटाइ अपग्रेड गर्नुपर्छ', शाहले भने, 'सबस्टेसन अपग्रेड गर्नुपर्छ। त्यसका लागि नेपाल सरकार अग्रसर छ।'

अन्तिममा स्वतन्त्र सांसद महावीर पुनले प्रश्न गरे। उनले आफूसँग प्रश्न नभए पनि बनाएको बताए।

'अन्तरिम सरकारमा मन्त्री हुँदा विदेशमा बस्ने नेपालीलाई भोट दिने व्यवस्थाका लागि धेरै कराएँ', पुनले भने, 'गर्ने भन्दाभन्दै गर्न नसकिने भनियो। अब आउने स्थानीय चुनावमा भोट दिने व्यवस्था के गर्न सकिन्छ। २०८४ अर्को वर्ष हो। कति छिटो काम भइरहेको छ ?'

उनले विदेशमा रहेका नेपालीहरूले भोट दिन दूतावासमा जाने वा मोबाइलबाट भोट दिने उपाय भएको उल्लेख गरे।

'मोबाइलबाट भोट दिँदा इन्फ्लुयन्स हुन सक्ने र स्वतन्त्र रूपमा भोट दिनुपर्छ भन्नेमा अल्झिएको जस्तो लाग्छ', शाहले भने, 'त्यस विषयमा नेपाल सरकारले छलफल गरेर के कसो गर्न सक्छ अध्ययन गर्नेछ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका मुख्य सचेतक कबिन्द्र बुर्लाकोटीले देशमा सुशासन र समृद्धिका लागि जनमत प्राप्त भएको उल्लेख गरे।

'आम नागरिकलाई कामबारे प्रस्ट्याउन आग्रह गर्दछु। हामीले पहिलो वर्ष सुशासनको वर्षका रूपमा लिएका छौं। विकास गर्दैनौं भन्ने होइन। नेपाल सरकार र रास्वपाले देशलाई सुशासनतर्फ लैजाने, बलियो जरा भएको भ्रष्टाचार निर्मूल गर्न हाम्रो पार्टी र नेपाल सरकार तत्पर छ। यसलाई नेपाल सरकारले निरन्तरता दिनेछ,' उनले भने।

प्रधानमन्त्री शाह र सांसदहरूको प्रश्नोत्तर झन्डै ४० मिनेट चलेको थियो।

बेलायती मोडलको संसदमा प्रधानमन्त्री र सांसदबीच सिधा सिधा प्रश्नोत्तर हुन्छ। बेलायतमा सांसदले प्रश्न सोधेलगत्तै प्रधानमन्त्रीले जबाफ दिने हुन्छ।

विपक्षी दलका नेताले ५ वटा र तेस्रो ठूलो दलको नेताले ३ वटा प्रश्न सोध्न पाउँछन्।

सांसदले प्रश्न सोधेपछि त्यसमा अर्को सांसदले प्रस्टीकरण सोध्न पाउँछ।

बेलायतमा प्रधानमन्त्रीसँग हुने जीवन्त प्रश्नोत्तरले संसदलाई सक्रिय तुल्याउने गर्छ।

नेपालमा २०७५ सालको प्रतिनिधिसभा नियमावलीबाट प्रधानमन्त्रीसँग प्रश्नोत्तरको व्यवस्था गरिएको थियो। तर लिखित प्रश्नोत्तरको व्यवस्थाले सवालजबाफ संसदमा मञ्चन गरिएको नाटक जस्तो बनेको थियो।

रास्वपाका सांसद मनिष झाले त त्यसलाई म्याच फिक्सिङ भनेका थिए।

प्रधानमन्त्री शाहले अकस्मात प्रश्नोत्तरका लागि सभामुखलाई बाध्य पारे पनि प्रधानमन्त्रीसँग प्रश्नोत्तर भने जीवन्त भएको थियो।

तर प्रधानमन्त्रीले तयारी नगरी प्रश्नोत्तरमा सहभागी हुँदा दिएको जबाफ भने विवादमा परेको छ।

नेपालले पनि भारतसँगको सीमामा जग्गा मिचेको प्रधानमन्त्रीको अभिव्यक्ति संसदको रेकर्डबाट मेटाउन नेपाली कांग्रेस र नेकपाले माग गरिसकेका छन्। परराष्ट्र मन्त्रालय जबाफ के दिने भन्ने असमञ्जमा परेको छ।

राप्रपाकी सांसद खुश्बु ओलीले तीन दिनअघि प्रश्न सोध्ने व्यवस्था यस्तै अप्ठ्यारोमा नपार्नका लागि नियमावलीमा गरिएको बताएकी थिइन्।

'तीन दिनअघि प्रश्न पठाउनु व्यवस्थाको पछाडि केही सोच हुँदो हो', ओलीले भनिन्, 'प्रधानमन्त्रीले दिएको जबाफ अमूर्त छ। केही प्रश्न बिर्सिनुभयो। चीनको विषयमा उहाँले टिप्पणी गर्नुभयो। संयुक्त राष्ट्रसंघले चीनलाई अझै पनि उच्चमध्यम आय भएको विकासशील देश मानेको छ। प्रधानमन्त्री गलत हुनुहुन्छ', ओलीले भनिन्, 'अझै पनि विकसित देश भएको छैन। यस्ता किसिमका त्रुटि सच्याउनुपर्ने हो कि ! मलाई लाग्छ अकस्मात आएर बोल्दा यस्तै नहोस् भनेर तीन दिन र लिखित गर्नुपर्छ भनेको होला। किनभने त्यहाँबाट (रोस्ट्रममा उभिएर) त्रुटि गर्नु हुँदैन। विश्वले हेरिरहेको हुन्छ। चीनले प्रधानमन्त्रीले गरेको टिप्पणी कसरी हेर्ला ? चीनको दूतावासले खण्डन गर्ला। त्यसैले त प्रक्रियामा जाऔं भनेको होला।'

सांसद ओलीले सभामुखले समेत आफूले गरेको रूलिङबारे जबाफ दिन माग गरिन्।

त्यसपछि सभामुख अर्यालले प्रधानमन्त्रीले आकस्मिक समय मागेकाले दिएको बताए।

नियमावलीले प्रधानमन्त्री र मन्त्रीहरूले समय माग गरे दिनुपर्ने व्यवस्था अनुसार समय दिएको बताए।

साथै छरितो र विषयवस्तु केन्द्रित गर्न दलगत रुपमा अघि बढाएको बताए। आफू बैठक हलमा प्रवेश गरिसकेको अवस्था भएकाले कार्यव्यवस्था परामर्श समितिमा छलफल गर्न नपाएको उनको भनाइ थियो।

संसदमा सबै दलका प्रतिनिधि सम्मिलित कार्यव्यवस्था परामर्श समिति बनाइएको हुन्छ, जसले सभामुखलाई बैठक सञ्चालनका लागि सल्लाह र सुझाव दिने गर्छ।

आइतबारको प्रतिनिधिसभामा प्रश्नोत्तर झन्डै 'र्‍याप ब्याटल' शैलीमा चलेको थियो।

सांसदले प्रश्न सोध्ने र प्रधानमन्त्रीले तत्कालै जबाफ दिने गरेका थिए।

प्रधानमन्त्री शाह र्‍यापर पनि हुन्। उनको र्‍याप ब्याटलका भिडिओ युटुबमा पनि छन् जसमा उनले प्रतिस्पर्धी कलाकारले गर्ने गाली र व्यंग्यमाथि तत्कालै गीतबाट जबाफ फर्काएका हुन्छन्।

प्रतिनिधिसभामा आइतबार प्रधानमन्त्री शाहले पनि तत्कालै जबाफ दिने शैली अपनाए र्‍याप ब्याटलको झल्को दिए।

## ओभरपास निर्माणको ढिलाइले ............

र यात्रुहरूको संख्या उल्लेख्य रूपमा घटेपछि व्यापार व्यवसाय धराशायी हुने अवस्थामा पुगेको उनीहरूको भनाइ छ।

विशेषगरी रेडिमेड कपडा व्यवसाय सबैभन्दा बढी प्रभावित भएको देखिएको छ। स्थानीय व्यवसायीहरूका अनुसार पछिल्लो एक वर्षको अवधिमा मात्रै मिर्चैया बजारका करिब एक दर्जन रेडिमेड पसल बन्द भइसकेका छन्। व्यापार घट्दै गएपछि अझै चार-पाँच वटा पसल बन्द हुने अवस्थामा पुगेका छन्। लामो समयदेखि सञ्चालनमा रहेका व्यवसायसमेत खर्च धान्न कठिन भएको व्यापारीहरूको गुनासो छ।

व्यवसायीहरूका अनुसार निर्माणाधीन सडकका कारण ग्राहकलाई पसलसम्म पुग्नै समस्या भएको छ। पार्किङको उचित व्यवस्था नहुँदा सवारीसाधन लिएर आउने ग्राहक अन्य बजारतर्फ जान थालेका छन्। धुलो र अव्यवस्थित वातावरणका कारण बजार क्षेत्रको व्यावसायिक गतिविधि निरन्तर खस्किँदै गएको उनीहरूको भनाइ छ।

स्थानीयवासीहरू पनि समस्याबाट अछुतो छैनन्। सडक निर्माण अधुरो रहँदा पैदल यात्रुहरू जोखिम मोलेर यात्रा गर्न बाध्य छन्। वर्षायाममा हिलो र पानी जम्ने तथा सुख्खा मौसममा अत्यधिक धुलो उड्ने समस्याले स्वास्थ्यमा समेत असर पार्न थालेको स्थानीयको गुनासो छ।

स्थानीय व्यवसायीहरूको भनाइमा, विकास निर्माण आवश्यक भए पनि त्यसको प्रत्यक्ष भार सर्वसाधारण र व्यवसायीले मात्र व्यहोर्नुपर्ने अवस्था आउनु दुःखद हो। "सडक बनेपछि फाइदा होला, तर निर्माणको नाममा वर्षौंदेखि व्यापार चौपट भइरहेको छ," एक व्यवसायीले बताए।

मिर्चैया उद्योग वाणिज्य क्षेत्रका सरोकारवालाहरूले आयोजनालाई तीव्र गतिमा सम्पन्न गर्न, बजार क्षेत्रमा अस्थायी पार्किङ व्यवस्थापन गर्न, धुलो नियन्त्रणका उपाय अपनाउन तथा व्यापारिक गतिविधि सहज बनाउन सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने माग गरेका छन्।

स्थानीयका अनुसार मिर्चैया केवल सिरहाको व्यापारिक केन्द्र मात्र नभई पूर्व-पश्चिम राजमार्गसँग जोडिएको महत्वपूर्ण आर्थिक नाका पनि हो। यस्तो अवस्थामा राष्ट्रिय गौरवको आयोजना नै स्थानीय अर्थतन्त्रका लागि चुनौती बन्नु विकास व्यवस्थापनको कमजोरी भएको टिप्पणी हुन थालेको छ।

विकासको नाममा सुरु गरिएको आयोजना समयमै सम्पन्न नहुँदा अहिले मिर्चैयाका व्यवसायीहरू एउटै प्रश्न गरिरहेका छन्–"ओभरपास कहिले बन्छ, र बजारको हराएको चहलपहल कहिले फर्किन्छ ?"

## प्लान्ट क्वारेन्टाइन नहुँदा राजश्व ............

फागुनमा ९६ प्रतिशत राजश्व संकलन भएको तथ्यांकमा उल्लेख छ।

चैत र वैशाख महिनामा भने राजश्व असुलीमा उल्लेखनीय सुधार देखिएको छ। चैतमा लक्ष्यको १०७ प्रतिशत तथा वैशाखमा १४९ प्रतिशत राजश्व असुली भएको कार्यालयले जनाएको छ। वैशाख महिनामा मात्रै दुई करोड ३० लाख ८८ हजार रुपैयाँ राजश्व संकलन भएको सूचना अधिकारी श्रेष्ठले जानकारी दिए।

भन्सार प्रशासनका अनुसार कृषि उपज आयातसँग सम्बन्धित परीक्षण, अनुमति तथा गुणस्तर प्रमाणीकरण प्रक्रिया सहज बनाउन प्लान्ट क्वारेन्टाइन अत्यावश्यक संरचना हो। यसको अभावमा वैधानिक आयात प्रक्रिया अवरुद्ध हुनुका साथै राजश्व चुहावटको जोखिमसमेत बढ्ने गरेको छ।

सीमावर्ती व्यापारलाई व्यवस्थित गर्न तथा सरकारी राजश्व वृद्धि गर्न आवश्यक पूर्वाधार स्थापनामा भइरहेको ढिलाइले सरकारको कार्यक्षमतामाथि प्रश्न उठाएको स्थानीय व्यवसायीहरूको भनाइ छ।

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

कल्याणपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर
मधेश प्रदेश, सिरहा (नेपाल)



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# बालविवाह अन्त्य गर्ने योजनासहित अभियान सञ्चालन गर्न माग

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १७ गते**



सिरहाको गोलबजारका बालबालिकाहरूले आफूहरूको भविष्य र स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको बालविवाहको अन्त्यसम्बन्धी योजनासहित अभियान सञ्चालन गर्न माग गरेका छन्।

'किशोरी शिक्षा, सुरक्षा, स्वास्थ्य, समानता र सशक्तीकरणका लागि सामूहिक प्रतिबद्धता' भन्ने नारासहित गोलबजार नगरपालिकाको समन्वयमा शनिबार सम्पन्न दुईदिने दोस्रो नगरस्तरीय बालिका सम्मेलनपछि १० बुँदे घोषणापत्र जारी गर्दै बालबालिकाहरूले बालविवाहमुक्त वडा/पालिका घोषणाका लागि कार्यविधि बनाएर क्रियाकलाप सञ्चालन गर्न माग गरेका हुन्।

घोषणापत्रमा विभिन्न कारणले विद्यालय छोडेका २० वर्षमुनिको उमेर समूहका किशोरीहरूको तथ्यांक संकलन गरी पुनः विद्यालय भर्नामा सहयोग, जोखिममा रहेका किशोरीहरूका लागि छात्रवृत्ति र किशोरीमैत्री विद्यालय वातावरणका लागि सरोकारवालाहरूको ध्यानाकर्षण गराएका छन्।

कैयन् नवविवाहित युवतीहरूको अकाल मृत्युको कारण बनिरहेको दाइजो प्रथा अन्त्य गर्न वर्षमा कम्तिमा दुईपटक अभिभावक, धार्मिक अगुवा, शिक्षक, युवा, विद्यार्थी, महिला समूह तथा जनप्रतिनिधहरुसँग सामुदायिक संवादमार्फत खबरदारी अभियान संचालन गरिनुपर्ने घोषणापत्रमार्फत माग गरिएको छ।

घोषणापत्रमा पालिकाको वार्षिक कार्यक्रम तथा बजेटमा किशोरी संजाललाई पनि समेट्नुपर्ने, हरेक वडा तथा नगर तहमा कम्तिमा दुईजना किशोरी प्रतिनिधिहरुको अर्थपूर्ण सहभागिता, मानसिक स्वास्थ्य तथा परामर्श सेवा, डिजिटल सुरक्षा तालिम, गोप्य उजुरी, सहायता प्रणाली तथा सुरक्षा आवासको व्यवस्थासँगै वार्षिक बजेट र अनुगमन गरी महिला सुरक्षा आवास स्थापना गर्नुपर्ने माग गरिएको छ।

**बालिकाहरू स्वयं सजग बन्न जोड**

कानुनी रुपले बन्देज रहेको बालविवाह रोक्न मौजुदा कानुनको प्रभावकारी कार्यान्वयनसहित व्यक्ति, समुदायलाई जागरुक गराउँदै किशोरीहरु पनि सजग बन्नुपर्नेमा सरोकारवालहरुको जोड छ। जिल्ला समन्वय समिति सिरहाका प्रमुख दिनेशकुमार महतो बालविवाहविरुद्ध रहेका कानुनी व्यवस्थाबारे सचेतना बिस्तार गर्दै बालविवाह गर्न कसैले दबाबसहित हिंसा गरे कानुनी उपचारमा जानुपर्ने बताउँछन्।

'किशोरीहरुलाई सीप, क्षमता र नेतृत्व विकासमा पनि ध्यान दिइनु पर्छ,' उनले भने 'त्यति गर्न सकियो भने किशोरीहरुले आफ्नो समस्या सम्बन्धित ठाउँमा निर्धक्क राख्न सक्छन्।' नेपाल बार एशोसिएसन सिरहाका अध्यक्ष वीरेन्द्रकुमार लाल कर्णले विभिन्न खालका हिंसामा परेका गरिब, दलित तथा विपन्न परिवारका महिला, किशोरीहरुका लागि जिल्लामा वैतनिक वकिल, प्रदेशका कानुन अधिकृत, जिल्ला कानुनी सहायत समिति र एशोसिएसनले निःशुल्क सेवा दिने कुरा गाउँ गाउँमा प्रचार गर्न आग्रह गरे।

**उमेर नपुगी विवाह गर्ने मधेशमा बढी**

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार मुलुकमा ३५.१ प्रतिशत बालविवाह हुने गरेको छ। कुल बालविवाहमध्ये सबैभन्दा धेरै मधेश प्रदेशका आठ जिल्लामा ४२.४ प्रतिशत रहेको कार्यक्रम संयोजक विशेश्वर दासले जानकारी दिए। गरिबी, अशिक्षाजस्ता कारणले बालविवाह भइरहेका मुख्य दक्षिण एशियाली मुलुकहरु बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा रहेको उनले बताए।

जनगणनाको तथ्यांकअनुसार सिरहामा पहिलोपटक १० देखि १४ वर्षको उमेरमा विवाह गर्ने १४.४ प्रतिशत महिला र ५.१ प्रतिशत पुरुष छन्। त्यस्तै, १५ देखि १७ वर्षको उमेरमा विवाह गर्ने महिलाहरु ३९ प्रतिशत र पुरुष १६.८ प्रतिशत तथा १८ वर्ष देखि २० वर्ष नपुग्दै विवाह गर्ने महिला ४२.८ प्रतिशत र पुरुष ३८.६ प्रतिशत छन्।

राष्ट्रिय तहमा भने पहिलोपटक विवाह गर्ने १० देखि १४ वर्षको उमेरका १०.२० प्रतिशत महिला र पुरुष ३ प्रतिशत, १५ वर्ष देखि १७ वर्षको उमेरमा विवाह गर्ने महिला ३०.४ प्रतिशत, पुरुष १२.३ प्रतिशत र १८ देखि २० वर्ष नपुग्दै विवाह गर्ने महिला ३५.९ प्रतिशत र पुरुष ३२.६ प्रतिशत छन्।

बालविवाहले हुने हानी र थप समस्याको बारेमा जानकारी अभाव, बालविवाह दण्डनीय अपराध हो भन्ने कुरालाई नजरअन्दाज गर्ने, सामाजिक सञ्जालको दुरुपयोग, विवाहमा अभिभावकको निर्णायक भूमिका, किशोरकिशोरीको अपरिपक्वता, गरिबी, अशिक्षा र दाइजोलगायतका कारणले बालविवाह भइरहेको सामाजिक अभियन्ताहरु बताउँछन्।

## सामाजिक सञ्जालमार्फत 'ग्याङ्ग ...........

थिए। उनीहरू एउटै मोटरसाइकलमा तीनदेखि चार जनासम्म सवार भएको, हेल्मेट प्रयोग नगरेको, आवश्यक कागजपत्र नबोकेको तथा कतिपय मोटरसाइकलमा नम्बर प्लेटसमेत नभएको अवस्थामा फेला परेका थिए।

"सामाजिक सञ्जालमा ग्याङ्गको नाममा गतिविधि सञ्चालन गर्दै आएका युवाहरूको गतिविधिमाथि प्रहरीले केही समयदेखि निगरानी गरिरहेको थियो। सार्वजनिक शान्ति-सुरक्षा र सामाजिक सद्भावमा असर पर्ने संकेत देखिएपछि विशेष चेकजाँच सञ्चालन गरिएको हो," डीएसपी पालले बताए।

प्रहरीका अनुसार नियन्त्रणमा परेकामध्ये बलान बिहुल गाउँपालिकाका १२ जना, लहान नगरपालिकाका २ जना, विष्णुपुर गाउँपालिकाका ६ जना तथा भगवानपुर गाउँपालिकाका ५ जना रहेका छन्।

प्रहरीले उनीहरूको मोबाइल फोनसमेत नियन्त्रणमा लिएर डिजिटल सामग्रीको परीक्षण तथा थप अनुसन्धान अघि बढाएको जनाएको छ। प्रारम्भिक अनुसन्धानका क्रममा नियन्त्रणमा परेका अधिकांश युवा लागूऔषध सेवनमा संलग्न रहेको तथा सार्वजनिक सुरक्षा व्यवस्थालाई चुनौती दिने गतिविधिमा सक्रिय रहेको संकेत भेटिएको प्रहरी स्रोतले जनाएको छ।

यस घटनासँग सम्बन्धित अन्य व्यक्तिको खोजी कार्यसमेत जारी रहेको प्रहरीले जनाएको छ। ग्याङ्ग गतिविधिको नेतृत्व गर्ने तथा सामाजिक सञ्जालमार्फत युवाहरूलाई संगठित गर्ने व्यक्तिहरूमाथि पनि अनुसन्धान केन्द्रित गरिएको छ।

पछिल्लो समय सामाजिक सञ्जालको प्रभावसँगै विभिन्न नाममा समूह गठन गरी शक्ति प्रदर्शन गर्ने, धम्कीपूर्ण सामग्री प्रसारण गर्ने, आपराधिक छवि निर्माण गर्ने तथा सार्वजनिक स्थानमा अवाञ्छित गतिविधि गर्ने प्रवृत्ति बढ्दै गएको सुरक्षा निकायको विश्लेषण छ। यस्ता गतिविधिले किशोर तथा युवावर्गलाई गलत दिशातर्फ उन्मुख गराउनुका साथै समाजमा भय र असुरक्षाको वातावरण सिर्जना गर्ने भएकाले प्रहरीले निगरानी तथा कारबाहीलाई तीव्र बनाएको जनाएको छ।

सुरक्षा विज्ञहरूका अनुसार सामाजिक सञ्जालको दुरुपयोग गरेर विकसित हुँदै गएको 'ग्याङ्ग संस्कृति' केवल कानुनी चुनौती मात्र नभई सामाजिक चुनौतीसमेत हो। समयमै नियन्त्रण गर्न नसके यस्ता समूहहरू आपराधिक गतिविधितर्फ उन्मुख हुन सक्ने जोखिम रहने भएकाले अभिभावक, विद्यालय, स्थानीय समुदाय र सुरक्षा निकायबीच समन्वय आवश्यक रहेको उनीहरूको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय सिरहाले समाजमा आतंक, असुरक्षा वा हिंसात्मक गतिविधि फैलाउने उद्देश्यले सञ्चालित कुनै पनि समूह वा व्यक्तिबारे सूचना भए तत्काल प्रहरीलाई जानकारी गराउन सर्वसाधारणसँग आग्रह गरेको छ। प्रहरीले कानुनविपरीत गतिविधिमा संलग्न जो-कोहीमाथि कडा कानुनी कारबाही गरिने स्पष्ट पारेको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

# मधेशमा ध्वनि प्रदूषण रोक्न डीजे बाजा नियन्त्रण गर्ने निर्णय

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ १७ गते**

मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयले मधेशमा बढ्दै गएको डीजे आतंक तथा ध्वनि प्रदूषण नियन्त्रण गर्ने भएको छ।

मधेशको आठवटै जिल्लामा डीजे नियन्त्रण गर्ने निर्णय गरेको हो। ध्वनि प्रदूषण नियन्त्रणका लागि सार्वजनिक स्थलमा प्रयोग हुने डीजे तथा अन्य अत्यधिक आवाज निकाल्ने उपकरणलाई सुरक्षा निकायको समन्वयमा नियन्त्रण गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने लगायतको निर्णय पनि बैठकले गरेको छ।

यसका लागि प्रहरीलाई निर्देशन दिइसकेको गृहमन्त्री फकिरा महतोले बताए।

बैठकले मधेश भवनको सुरक्षा व्यवस्थापन, कर्मचारी आवास क्षेत्रको व्यवस्थापन, गुठी जग्गा संरक्षण, फुटपाथ अतिक्रमण नियन्त्रण तथा जनकपुरधाम परिक्रमा क्षेत्रमा मदिरा बिक्री वितरण नियन्त्रणलगायत विषयमा निर्णय गरेको छ।

मन्त्रालयले मधेश भवन परिसरको समग्र सुरक्षा संवेदनशीलताको सूक्ष्म अध्ययन गरी विस्तृत 'सुरक्षा मानक सञ्चालन कार्यविधि तयार गर्न १५ दिनभित्र समिति गठन गर्ने निर्णय गरेको छ।

मधेश भवनको दैनिक सरसफाइको जिम्मेवारी कार्यविभाजनअनुसार ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई दिइने तथा नियमित अनुगमनको व्यवस्था मिलाइने भएको छ।

त्यसैगरी मधेश भवनभित्र रहेको कर्मचारी आवास क्षेत्रमा बसोबास गरिरहेका अनाधिकृत व्यक्तिहरूको पहिचान गरी कानुनी प्रक्रिया पूरा गर्दै निश्चित समयसीमाभित्र खाली गराउने निर्णय गरिएको छ।

यसका लागि गृह, सञ्चार तथा कानुन मन्त्रालयअन्तर्गत जिन्सी शाखा प्रमुखको संयोजकत्वमा सुरक्षा निकायसँग समन्वय गर्ने जिम्मेवारी तोकिएको छ।

बैठकले गुठीका जग्गाको अभिलेख अद्यावधिक गर्ने, अतिक्रमण भएको पाइए कानुनी कारबाही अघि बढाउने तथा दीर्घकालीन व्यवस्थापनका लागि गुठी संस्थान शाखा कार्यालय जनकपुरलाई स्पष्ट कार्ययोजना तयार गर्न निर्देशन दिने निर्णय गरेको छ। यस कार्यमा सम्बन्धित सरोकारवाला तथा सुरक्षा निकायबीच समन्वय गरिने निर्णय गरेको छ।

फुटपाथ तथा अनाधिकृत संरचना व्यवस्थापनका विषयमा स्थानीय तहले बजार व्यवस्थापन, फुटपाथ व्यवस्थापन तथा अतिक्रमण हटाउने कार्यमा सुरक्षा निकायको सहयोग मागे आवश्यक सहयोग उपलब्ध गराउने निर्णय पनि गरिएको छ।

यसैबीच, जनकपुरधामको परिक्रमा मार्ग तथा परिक्रमा क्षेत्रभित्र मदिरा बिक्री-वितरण र सेवन निषेधसम्बन्धी पूर्व निर्णयहरू कार्यान्वयन गर्न पहल थालिएको छ।

मन्त्रालयले उक्त क्षेत्रभित्र सञ्चालनमा रहेका मासु तथा मदिरा बिक्री-वितरण गर्ने होटल, पसल, वधशालालगायतको एकीकृत विवरण ३० दिनभित्र उपलब्ध गराउन जनकपुरधाम उपमहानगरपालिकालाई अनुरोध गर्ने निर्णय गरेको छ।

साथै परिक्रमा क्षेत्रभित्र इजाजत प्राप्त मदिरा पसलहरूको विवरण सम्बन्धित राजस्व कार्यालयबाट माग गरिने भएको छ।

## घाटैघाटामा रेल्वे ............

निर्माण सम्पन्न भएको यस परियोजनाअन्तर्गत रेलमार्ग बिछ्याउने, विभिन्न स्टेशनमा प्लेटफर्म निर्माण गर्ने तथा रेलका इन्जिन र बोगी खरिद गर्ने कार्य गरिएको थियो। यसका लागि कुल ८ अर्ब रुपैयाँ लागत लागेको जानकारी कम्पनीबाट प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ।

कम्पनीका अनुसार रेलको कुल यात्रु क्षमता १ हजार ३ सय जना रहेको छ। यसमध्ये एसी क्याबिनमा ५६ जना तथा जनरल क्याबिनमा १ हजार २ सय ४४ जना यात्रु अट्न सक्ने क्षमता रहेको छ।

हाल सम्पन्न पूर्वाधारअनुसार महोत्तरीको भंगहाबाट कुर्था, जनकपुर, परवाहा, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमावर्ती बजार जयनगरसम्म रेल सञ्चालन भइरहेको छ। यस रेलमार्गको कुल लम्बाइ ५२ किलोमिटर रहेको छ। कुर्थादेखि बिजलपुरासम्मको ३५ किलोमिटर खण्ड भने निर्माणाधीन अवस्थामा रहेको छ।

कुर्थादेखि महोत्तरीको भंगहासम्मको १७ किलोमिटर खण्ड सन् २०२३ जुलाई १६ देखि सञ्चालनमा आएको हो। हाल भंगहादेखि जयनगरसम्म ५२ किलोमिटर रेल सेवा सञ्चालनमा रहेको छ। भंगहादेखि बर्दिवाससम्मको १८ किलोमिटर खण्डमा जग्गा अधिग्रहण तथा मुआब्जा वितरणको कार्य भइरहेको जानकारी राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म टिकट बिक्रीबाट ४ करोड १४ लाख ९७ हजार रुपैयाँ आम्दानी भएको छ भने सञ्चालन खर्च १२ करोड ६६ लाख १ हजार रुपैयाँ पुगेको छ। यस आधारमा रेल्वे हाल ८ करोड ५१ लाख ४ हजार रुपैयाँ घाटामा रहेको प्रतिवेदनमा उल्लेख छ।

हाल कार्यरत १६५ कर्मचारीमध्ये १४२ जना नेपाली नागरिक तथा २३ जना विदेशी नागरिक रहेका छन्।

व्यवसायिक खेतिमा विषादीको कम प्रयोग

विषादी धेरै, रोग धेरै,
तसर्थ सचेत बनौं।

सजग बनौ, खेती सुधारौं,
सुरक्षित खाना उत्पादन गरौं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

